# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, आश्विन ८ गते २०२१ साल [ अतिरिक्ताङ्क १३

### श्री ५ को सरकार

### गृह मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको निजामती सेवा नियमावली (संशोधन) २०२१ सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

निजामती सेवा नियमावली, २०१३ ( यसपछि मूल नियमावली भनिएको ) लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ४, दफा ७ र दफा ८ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम निजामती सेवा नियमावली (संशोधन), २०२१ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. मूल नियमावलीमा संशोधनः– मूल नियमावलीको परिच्छेद ३ को नियम ३ को सट्टा निम्नलिखित नियम ३ राखिएको छ ।

३. गजेटेड् पदमा प्रमोशनः– (१) गजेटेड् पदमा प्रमोशन गर्नका लागि श्री ५ को सरकारले प्रमोशन समिति गठन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

239

(२) उप–नियम (१) बमोजिमको प्रमोशन समितिमा श्री ५ को सरकारले तोकेका तीन देखि छसम्म सदस्य रहनेछन् ।

(३) गजेटेड् पदहरूमा प्रमोशनको लागि श्री ५ को सरकारसमक्ष सिफारिश प्रस्तुत गर्नें यस समितिको काम हुनेछ ।

(४) यी नियमहरू लागू भएपछि विशिष्ट पद तथा अन्य गजेटेड पदहरूमा प्रमोशन गर्दा यस समितिको सल्लाह नलिई गरिने छैन ।

स्पष्टीकरणः– विशिष्ट पद भन्नाले देहायका पदहरू सम्झनुपर्छः–

(क) श्री ५ को सरकारको सचिव र सो सरहको पद,

(ख) श्री ५ को सरकारको सह–सचिव र सो सरहको पद ।

आज्ञाले–
सरदार विष्णुमणि आचार्य
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

निजामती सेवा नियमावली, २०१३ ( समय समयमा भएको संशोधनसहित ) को परिच्छेद ३ को नियम ३ को उप–नियम (१) अनुसार श्री ५ को सरकारले देहायमा लेखिएका व्यक्तिहरू सहितको एक प्रमोशन समिति गठन गरेको छ :–

१. श्री उपाध्यक्ष, अर्थ आर्थिक योजना, कानून तथा न्याय मन्त्री – अध्यक्ष

२. श्री स्वास्थ्य, निर्माण सञ्चार तथा यातायात मन्त्री – सदस्य

३. श्री अध्यक्ष, लोकसेवा आयोग वा सदस्य – – सदस्य.

४. श्री सचिव, पञ्चायत मन्त्रालय – – – सदस्य.

५. श्री सचिव, गृह मन्त्रालय – – – सदस्य.

६. श्री सचिव, अर्थ मन्त्रालय – – – सदस्य.

आज्ञाले–
सरदार विष्णुमणि आचार्य
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

232

# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, आश्विन ८ गते २०२१ साल [ अतिरिक्ताङ्क १३ [ क ]

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### विज्ञप्ति

माननीय वन, कृषि तथा भूमिसुधार मन्त्री श्री खड्गबहादुर सिंह अस्वस्थ हुनुभएकोले उहांको अनुपस्थितिमा उहाँले सम्हालि आउनुभएको कार्यभार माननीय निर्माण, सञ्चार यातायात तथा स्वास्थ्य मन्त्री श्री नागेश्वरप्रसाद सिंहले सम्हाल्नुभएको छ ।

हुकुम बक्सेबमोजिम
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।



श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

232

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।